# सम्झौता पत्र

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, लुम्बिनी प्रदेश कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही, दाङ (यस पछि दोस्रो पक्ष भनिएको) बिच छोटो अवधिको तालीम तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही संचालन गरि सम्पन्न गर्ने भनि यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं / दियौं ।

तपसिलः

१. तालीम संचालन सम्झौता भएको १ हप्ता भित्र दोस्रो पक्षले तालीम संचालन कार्य योजना पहिलो पक्षलाई पेश गर्नु पर्नेछ ।

२. दोस्रो पक्षले स्थानिय निकाय, जनप्रतिनिधी र सरोकारबालाहरुसंग समन्वय गरी मांग र आवश्यक्ताको आधारमा तालीम संचालन गर्नु पर्नेछ ।

३. तालीमको लागि सहभागीहरुको छनौट दोस्रो पक्षले स्थानिय निकायहरुसंग समन्वय गरी गर्नु पर्नेछ र यसको रेकर्ड पहिलो पक्षलाई बुझाउनु पर्नेछ ।

४. पहिलो पक्षले दोस्रो पक्षलाई प्रदेश कार्यालयबाट हुने अनुगमन तथा सुपरिवेक्षण र सीप परीक्षण खर्च वाहेक प्रति प्रशिक्षार्थी रु. १५,५००।०० (अक्षरेपी रु. पन्ध्र हजार पाँच सय मात्र ) को दरले सीप परिक्षणमा सहभागी प्रशिक्षार्थीको संख्याको आधारमा रकम उपलव्ध गराईने छ ।यसमा प्रशिक्षार्थीहरुले पाउने खाजा खर्चको रकम समेत समावेश छ ।

५. दोस्रो पक्षले तालीम संचालन कार्य योजना पेश गरे पछि कुल सम्झौता रकमको २०% पहिलो किस्ता , तालीम संचालन भएको ४० दिन पछि छोटो अवधिको सीपमूलक तालिम सञ्चालन कार्यबिधि, २०७७ (दोश्रो संशोधन सहित)को अनुसुची-३ र अनुसुची-१० बमोजिमको विवरण पेश गरेका तालीम प्रदायक संस्थाको हकमा दोस्रो किस्ता(६०%) र तालीम सम्पन्न भई सीप परीक्षामा सहभागिताको आधारमा अन्तिम किस्ता (२०%) रकम भुक्तानी गरिनेछ ।

६. दोस्रो पक्षले (Junior Building Electrician, तह-१) - ४० जना, (Off Season Vegetable Producer, तह-१) – ४० जना, (Assistant Plumber, तह-१) - २० जना, र (Mason, तह-१) - २० जना, गरी जम्मा १२० जनालाई तालीम संचालन गर्नु पर्नेछ ।

७. सम्पूर्ण तालीमहरू २०७९ जेष्ठ मसान्त सम्म (सिप परिक्षण समेत) सम्पन्न गरि सक्नु पर्नेछ ।

८. तालीम सम्पन्न भएपछी दोस्रो पक्षले प्रशिक्षार्थीहरुको रोजगारीको लागी सहजिकरण गर्नुपर्ने छ ।

१०.तालीम शुरु भएको १ महिनामा Mid Term Report बुझाउनु पर्नेछ ।

११.प्रशिक्षार्थीहरु उपस्थित भएको दिनको मात्र खाजा खर्च उपलब्ध गराईनेछ ।

१२.तालीमको अनुगमन तथा सुपरिवेक्षण तालीम सञ्चालन समन्वय समिति, पहिलो पक्ष, दोस्रो पक्ष लगायत सामाजिक विकास मन्त्रालय, परिषद केन्द्रिय कार्यालय, स्थानिय निकायका प्रतिनिधीहरु तथा जनप्रतिनिधीहरुबाट हुनेछ ।

१३.तालीम संचालन गर्दा **Lesson Plan, Log Book** र **Visitor's Book** अद्यावधिक राख्नु पर्नेछ ।

१४.तालीम संचालन कार्यदिन जम्मा ६५ दिन हुनेछ ।

१५.प्रशिक्षार्थी छनौट गर्दा छोटो अवधिको सीपमूलक तालीम संचालन कार्यविधि-२०७७(दोस्रो संशोधन सहित) मा उल्लेख भए अनुसार गर्नु पर्नेछ ।

१६.तालीम संचालन गर्दा छोटो अवधिको सीपमूलक तालीम संचालन कार्यविधि- २०७७(दोस्रो संशोधन सहित) को अनुसूची-२ अनुसार खर्च गर्नु पर्नेछ ।

१७.तालीम संचालन हुने स्थानमा तालीम कार्यक्रमको जानकारी सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

१८. पहिलो पक्ष र दोस्रो पक्षले छोटो अवधिको सीपमूलक तालीम संचालन कार्यविधि-२०७७(दोस्रो संशोधन सहित) पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१९.सम्झौता पत्र र कार्यविधिमा उल्लेख नभएका कुराहरु गर्नु परेमा आपसी द्विपक्षीय समझदारीमा गरिनेछ ।

उपरोक्त सम्पूर्ण शर्तहरुको अधिनमा रही तालीम संचालन गर्न मंजुर छु भनि सही छाप गर्ने

| दोश्रो पक्षको तर्फबाट | साक्षी | पहिलो पक्षको तर्फबाट |
|---|---|---|
| ............................ | ..................... | ........................... |
| अच्युतराज दाहाल | नविन किशोर गैह्रे | ई.अरविन्द कुमार चौधरी |
| शिक्षालय प्रमुख | ईलेक्ट्रोनिक्स प्रशिक्षक | निर्देशक |
| शहीद कृष्णसेन इच्छुक | प्रा.शि. तथा व्या.तालीम परिषद | प्रा.शि. तथा व्या.तालीम परिषद |
| बहुप्राविधिक शिक्षालय | लुम्बिनी प्रदेश कार्यालय | लुम्बिनी प्रदेश कार्यालय |
| घोराही, दाङ | बुटवल, रुपन्देही | बुटवल, रुपन्देही |
| मितिः२०७८।१२।०९ | मितिः२०७८।१२।०९ | मितिः२०७८।१२।०९ |

सम्पर्क नं.: ९८५७८६३९३४

ई-मेल ठेगानाः info@skipi.edu.np

Shaheed Krishnasen Ichchhuk Polytechnic Institute Ghorahi, Dang CTEVT 1989